# आईएमई खल्ती लिमिटेड

पानीपोखरी, काठमाडौं

## यस कम्पनीलाई आवश्यक पर्ने वस्तु तथा सेवा आपूर्ति गर्ने फर्म/कम्पनीहरूको सूची दर्ता गर्ने बारे सूचना

प्रकाशित मितिः २०८३/०३/०३

यस आईएमई खल्ती लिमिटेड, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्था तथा नेपालको एक अग्रणी डिजिटल वालेटलाई, आ.व. २०८३/८४ का लागि आवश्यक तपसिलमा उल्लेखित सामग्री तथा सेवाहरू आपूर्ति गर्ने प्रयोजनका लागि सम्बन्धित विषयमा कारोबार गर्ने योग्य तथा इच्छुक संस्थाहरू सूचिकृत गरिने भएकोले सिलबन्दी आवेदन यस सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा (२०८३ साल असार १८ गते, बेलुका ६:०० बजेभित्र) यस कम्पनीको कार्यालय, पानीपोखरी-३, काठमाडौंमा दर्ता गराउनु हुन अथवा Procurement@khalti.com मा इमेल गरी पठाउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीलाई आवश्यक पर्ने वस्तु तथा सेवाहरू**

**अफिस उपकरणहरू, छपाई प्रिन्टिङ तथा स्टेशनरी लगायत अन्य समग्री तथा सेवाहरू**

- IT सम्बन्धी (Computer, Laptop, Security, System and Devices, Server/Network Switch/Firewall Devices/Routers etc.)
- बीमा सम्बन्धी सेवा (Life and Non–life)
- प्रिन्टर, स्क्यानर, फोटोकपी मेसिन
- अनलाइन UPS, ब्याट्री तथा सोलार सम्बन्धी सेवाहरू
- एयर कन्डिसनर्स, CCTV/सेक्युरिटी अलार्म सिस्टम
- टेलिफोन सेट, इलेक्ट्रोनिक्स/Attendance Device
- मेटल तथा काठका फर्निचर
- Generator
- जनरल स्टेशनरी तथा अन्य छपाई सम्बन्धी कार्यहरू
- Merchandise Printing
- छाप आपूर्ति तथा आई.डी. कार्ड, भिजिटिङ कार्ड
- लोगो साइन बोर्ड, फ्लेक्स बोर्ड, पोस्टर, पम्पलेट, फ्लायर
- खाद्यान्न आपूर्ति
- सरसफाइ, Electrical Service तथा अन्य Manpower outsource agencies
- कुरियर सम्बन्धी (आन्तरिक तथा बाह्य)
- पिउने पानी आपूर्ति  सम्बन्धी कार्य
- Recruitment तथा HR आउटसोर्सिङ सम्बन्धी सेवाहरु
- तालिम, सेमिनार तथा शिक्षण कार्यक्रम सम्बन्धी सेवाहरु
- Home Appliances आपूर्ति सम्बन्धी कार्य
- अग्नि नियन्त्रक तथा अन्य सुरक्षा सामग्री आपूर्ति सम्बन्धी कार्य
- आगलागी तथा भूकम्प सम्बन्धी अभ्यास (Drill) गराउने सेवा सम्बन्धी कार्य

**मर्मत तथा सुधार**

- अफिस उपकरण (Generator, Server, AC, Printer, Toner refilling) सम्बन्धी तथा अन्य सेवाहरू
- फर्निचर, फिक्सिङ तथा पोलिसिङ सम्बन्धी कार्यहरू
- अनलाइन UPS, ब्याट्री तथा सोलार सम्बन्धी उपकरणहरू
- भवन मर्मत, सिभिल सेवा, रङ रोगन तथा प्लम्बिङ सम्बन्धी कार्य
- Interior Consultancy तथा बगैंचा मर्मत लगायत सेवा।

**विक्रेता/आपूर्तिकर्ताका लागि योग्यता मापदण्ड**

**सबै विक्रेता/आपूर्तिकर्ताहरुले निम्न विवरणहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः**

१. आफूले अभिरुचि व्यक्त गर्न चाहेको श्रेणी/क्षेत्र स्पष्ट रूपमा उल्लेख गरिएको आवरणपत्र (Cover Letter)
२. PAN/VAT मा दर्ता भएको प्रमाणपत्र
३. सम्बन्धित श्रेणीका लागि वैद्य इजाजतपत्र वा प्राधिकरणपत्र (Valid License or authorization letter)
४. हालसालैको कर चुक्ता प्रमाणपत्र
५. पर्याप्त जनशक्ति तथा सञ्चालन स्रोतहरू
६. न्यूनतम ३ वटा कर्पोरेट संस्थाहरूसँग काम गरेको अनुभव पत्र
७. नैतिक व्यापार अभ्यासप्रति प्रतिवद्धता पत्र
८. सम्बन्धित सबै सरकारी नीतिहरू तथा मापदण्डहरूको पालना भएको स्वःघोषणा पत्र

**अन्य शर्त तथा जानकारीहरू**

सूची दर्ता बापतको फारम भरी रू १,००० (अक्षरूपी एक हजार रुपैंया; फिर्ता नहुने गरी) IME Khalti Limited नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड मा रहेको खाता नं. ०३२०१०४०२५४६९४ जम्मा गरी त्यसको सक्कल भौचर प्रति पानीपोखरी काठमाडौं स्थित यस कम्पनीको प्रशासन तथा खरिद विभागमा पेश गर्नुहुन अनुरोध गर्दछौं। सूचिकृतको लागि प्राप्त निवेदकहरू मध्येबाट योग्य ठहरिएका आपूर्तिकर्ता तथा संस्थालाई मात्र सूचिकृत गरिने छ। सूचिकृत भएका संस्थाहरूले सन्तोषजनक सेवा तथा समयमा सामान आपूर्ति नगरेका/गर्न नसकेको खण्डमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ। यस उपर कुनै दावी/विरोध गर्न पाइनेछैन। सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ।

khalti by IME

**IME KHALTI LIMITED**

**Contact: 9801323965/9801190981**

Panipokhari-03, Kathmandu